मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

सत्रान्त परीक्षा - २०८०

तहः एम.एड. / तेस्रो सेमेस्टर

बिषयः नेपाली भाषा शिक्षणका विविध पक्ष (नेपा.शि.५३६)

रोल नं. ...............

समूह 'क' १०×१ = १०

**सर्वोपयुक्त उत्तरमा रेजा ( ✓) चिन्ह लगाउनुहोस् ।**

१. पहिलो भाषा सिकाईमा बालकले सर्वप्रथम कुन वर्णको उच्चारण गर्दछ ?
(क) क (ख) च
(ग) त (घ) प

२. अन्तर्राष्ट्रिय जगतमा भएका ज्ञानविज्ञानका विकास बारे थाहा पाउन कुन भाषाको उपयोग गरिन्छ?
(क) विदेशी भाषा (ख) शास्त्रीय भाषा
(ग) पहिलो भाषा (घ) राष्ट्रिय भाषा

३. उदाहरणवाट शिक्षण प्रारम्भ गरी सुत्र सिकाउँदै समापन गरिने पद्धति कुन हो ?
(क) निगमनात्मक (ख) आगमनात्मक
(ग) संज्ञानात्मक (घ) मौखिक संरचना सन्दर्भ

४. पठन विधिको मुख्य उद्देश्य कुन हो ?
(क) शिक्षकको भूमिका निश्क्रिय बनाउने
(ख) मौखिक अभिव्यक्ति सिप सिकाउनु
(ग) पठनबोध क्षमताको वृद्धि गर्नु
(घ) श्रुतिलेखनतर्फ ध्यान दिनु

५. श्रवणकला शिक्षणको कार्यकलाप कुन होइन ?
(क) वर्ण विभेदीकरण (ख) श्रुतिलेखन
(ग) श्रुतिरचना (घ) कथाकथन

६. निवेदन लेखन कुन लेखन अन्तर्गत पर्दछ ?
(क) निर्देशित (ख) यान्त्रिक
(ग) स्वतन्त्र तथा सिर्जनात्मक (घ) उच्च स्तरीय

७. कुनै तस्विर वा प्रतिमुर्ति देखाएर शब्दार्थ शिक्षण गरिन्छ भने त्यहाँ कुन विधिको प्रयोग गरिएको हुन्छ ?
(क) नाटकीकरण (ख) समावेशीकरण
(ग) परिभाषीकरण (घ) वस्तुप्रत्यक्षीकरण

८. नेपाली व्याकरण शिक्षणको समस्या कुन होइन ?
(क) पुराना मानक प्रतिको झुकाव (ख) अनुकृत ढाँचाको प्रयोग
(ग) दृष्टि तथा सुझको कमी (घ) व्याकरण लेखनमा ध्यान नदिनु

९. वृहत/विषम कक्षामा प्राप्त हुने मूल सुविधा कुन हो ?
(क) असमानता बुझ्न सकिने (ख) अनुभव र ज्ञानको व्यापकता
(ग) रुचि सम्बन्धि धारणा (घ) शिक्षकको ध्यान नपुग्नु

१०. निराकरणात्मक शिक्षणको पहिलो चरणमा गरिने कार्य कुन हो ?
(क) समूह वा व्यक्तिगत वर्गीकरण
(ख) समस्याको प्रकृति र पक्षगत जानकारी
(ग) समस्या र तिनका कारणको पहिचान
(घ) शिक्षण